अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) संग सम्बन्धित)

## श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं. ४, दाङ

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/१०/२४**

श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं.-४ दाङको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८०/०८१ मा उत्पादन भै शान्तिनगर सा.व.उ.स, जुम्लेकुला, दाङको वन क्षेत्रमा घाट्गद्दी गरी राखिएको निम्न लटको तपशिलको परिमाणको गोलिया काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ/ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रभाव दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइसौं) दिन भित्र खरिद गरी २२ (बाईसौं) दिन सम्म सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

१. वनपैदावारको विवरण

| वनपैदावारको | | | | | | | न्यूनतम | | काठ/ दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य (रु) | |
| १ | ३,४ र ५ | साल | गोलिया | A | ११ | १५०.६४ | १२५० | १८८३००.०० | १२७४१४ |
| | | | | B | ४३ | ३२७.०३ | ९०० | २९४३२७.०० | |
| | | | | C | १७४ | ५३८.६९ | ६०० | ३२३२१४.०० | |
| | | | | D | २४ | ४५.४२ | ३०० | १३६२६.०० | |
| | लटको जम्मा | | | | २५२ | १०६१.७८ | | ८१९४६७.०० | |
| २ | ११ र १८ | साल | गोलिया | A | १५ | २०९.२ | १२५० | २६१५००.०० | १२५९८६ |
| | | | | B | ३७ | २९६.२९ | ९०० | २६६६६१.०० | |
| | | | | C | १२४ | ५११.१४ | ६०० | ३०६६८४.०० | |
| | | | | D | १५ | ३३.२५ | ३०० | ९९७५.०० | |
| | लटको जम्मा | | | | १९१ | १०४९.८८ | | ८४४८२०.०० | |
| ३ | १९,२०,२१,र २२ | साल | गोलिया | A | १९ | ३२०.८४ | १२५० | ४०१०५०.०० | २१६८०२ |
| | | | | B | ५४ | ४११.८३ | ९०० | ३७०६४७.०० | |
| | | | | C | ११४ | ४१७.९२ | ६०० | २५०७५२.०० | |
| | | | | D | १३ | २३.९७ | ३०० | ७१९१.०० | |
| | | सिसौ (वृक्षारोपण) | | A | १ | ९.०० | ७०० | ६३००.०० | |
| | | | | B | २५ | ७४.८२ | ५०० | ३७४१०.०० | |
| | | जामुन | | B | ३ | २५.८ | ३०० | ७७४०.०० | |
| | जम्मा | | | | २२९ | १२८४.१८ | | १०८१०९०.०० | |
| | | साल | दाउरा (चट्टा) | | | ३.५० | १२०००.०० | ४२०००.०० | |
| | | अन्य | | | | २.०० | ४०००.०० | ८०००.०० | |
| | लटको जम्मा | | | | | | | ११३१०९०.०० | |
| कुल जम्मा | | | गोलिया (घ.फि) | | ६७२ | ३३९५.८४ | | २७९५३७७.०० | |
| | | | दाउरा (चट्टा) | | | ५.५ | | ५००००.०० | |

अध्यक्ष
श्री शान्ति सा.व.उ.स.
शान्तिनगर-४ जुम्लेकुला, दाङ

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८१/११/१४ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
(क) अन्तिम मितिः २०८१/११/१५ (ख) समय १२.०० बजे सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल मेघा इन्भेस्टमेन्ट बैक, शान्तिनगर शाखामा रहेको खाता नं. ०७७०१०४०२५२८४३ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम लट नं. १ र २ प्रति लटको रु. १०००/- र ३ नं. लटको रु. २०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस शान्ति सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गा.पा.-४, जुम्लेकुला, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डि.व.का. मा फर्म सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/११/१५ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र आधिकारित दस्तखत नभएको मान्य हुने छैन।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।